- मेलमिलापमा जान सहमत नभएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (२) अन्तर्गतको विवाद भए अदालत जान भनी निर्णय सुनाई दुबै पक्षलाई निर्णय सुनि पाएको कागज गराई सहिछाप गराउने र निवेदन गर्ने पक्ष अदालत जान्छु भनेमा अदालत जान भनी तारिख तोकी पठाउने ।

### यदि मेलमिलाप नभएमा दफा ४७ (१) अन्तर्गतको विवाद भए के गर्ने ?

- आवश्यक साँक्षी, प्रमाण बुझ्ने आदेश गर्ने ।
- प्रमाण बुझी सकेपछि दुबै पक्षलाई छलफल गराई दुबै पक्षको कुरा सुनि प्रमाणको आधारमा न्यायिक निर्णय गर्ने ।
- निर्णयमा चित्त नबुझे ३५ दिन भित्रमा जिल्ला अदालतमा पुनरावेदन गर्न भनी हार्ने पक्षलाई लिखित म्याद पठाउने ।
- ३५ दिन भित्रमा फैसलाको नक्कल प्रमाणित गरी दुबै पक्षलाई दिने ।
- हार्ने पक्षले पुनरावेदन नगरीकन विवादको अन्तिम टुंगो लागेमा वा पुनरावेदनबाट अन्तिम निर्णय भई आएपछि फैसला कार्यान्वयन गरी माग्न आएमा कानुन बमोजिम कार्यान्वयन गर्ने ।

### यदि प्रतिवादीले/लिखित जवाफकर्ताले प्रतिउत्तर/लिखित जवाफ नगरी म्यादै गुजारी बसेमा के गर्ने ?

- निवेदकले निवेदनसाथ पेश गरेको आवश्यक सांक्षी प्रमाण बुझी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१) अर्न्तगतको विवाद भए एकतर्फी कानून बमोजिम निर्णय गर्ने ।
- यदि दफा ४७ (२) अर्न्तगतको विवाद भए सम्बन्धित अदालतमा जान भनी निर्णय आदेश गरी निवेदकलाई तारेख तोकी अदालत पठाइ दिने ।
- यदि निवेदकले निवेदन दर्ता गरी तारिख गुजारी बसेमा गुज्रेको तारिख थाम्न पाउने म्याद सकिएपछि त्यस्तो निवेदन तामेलीमा राख्ने आदेश गर्ने/डिसमिस हुने फैसला गरिदिने ।

### न्यायिक समितिले आफै विवाद मिलापत्र गराउन नहुनेः

**न्यायिक समितिले आफै मेलमिलापकर्ता भई न्यायिक समितिमा दर्ता भएका विवादहरु मिलापत्र गराउन हुँदैन । किनकि मेलमिलापमा मिलापत्र नभएमा त्यस्ता विवादहरुमा न्यायिक समितिले आवश्यक प्रमाण बुझ्न आदेश वा फैसला गर्नु पर्ने हुन्छ ।**

### मेलमिलापकर्ताः

- मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी ४८ घण्टा तालिम लिएको हुनु पर्दछ ।
- मेलमिलापकर्ताले मेलमिलाप परिषदबाट सूचीकृत संस्थाहरुमाबाट तालिम लिएको हुनु पर्दछ ।
- मेलमिलापकर्ताले विवाद निर्णय गर्नु हुँदैन ।
- मेलमिलपकर्ताले विवाद समाधान गराउन सहजीकरण मात्र गर्नु पर्दछ ।

### मेलमिलाप कर्ताको आचारसंहिताः

(क) छिटो, छरितो र कम खर्चमा पक्षहरू आफैले आफ्नो विवादको समाधान खोज्ने सरल र प्रभावकारी उपाय मेलमिलाप हो भन्ने बारे पक्षहरूलाई जानकारी गराउने र त्यस अनुरुप सहजीकरण गर्ने,

(ख) आफ्नो सीप, तालिम, अनुभव, विवेक, चेतना र सामान्य ज्ञानका आधारमा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(ग) मेलमिलाप सम्बन्धी प्रकृयामा कुनै पनि पक्षप्रति झुकाव, आग्रह, पुर्वाग्रह वा भेदभाव नराख्ने,

(घ) विवादका पक्षलाई कुनै प्रकारको डर, त्रास, झुक्यान, प्रलोभनमा नपार्ने तथा त्यसको आधारमा मेलमिलाप वा सहमति गर्न बाध्य नपार्ने,

(ङ) मेलमिलाप गराइदिए वापत पक्षबाट कुनै प्रकारको शुल्क, कमिसन वा पारिश्रमिक नलिने तर ऐन तथा नियमावलीले तोकेको सिमाभित्र रही पक्षहरूको सहमतिमा पारिश्रमिक स्वीकार गर्न बाधा पर्ने छैन.

(च) मेलमिलापको काम कारवाहीको शिलशिलामा मेलमिलापकर्ताले पक्षहरूसँग कुनैपनि प्रकारको आर्थिक कारोवार वा लेनदेन वा स्वार्थजन्य व्यवहार नगर्ने,

(छ) प्रचलित कानूनको प्रतिकुल हुने विषयमा मेलमिलाप नगराउने,

(ज) मेलमिलाप गराउँदा स्थानीय मूल्य, मान्यता, प्रथा, प्रचलन तथा मेलमिलाप सम्बन्धमा विकास भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र प्रचलनलाई ध्यान दिने,

(झ) मेलमिलाप गर्दा गराउदा सामाजिक सौहार्द्रता कायम गर्ने प्रयास गर्ने,

(ञ) निष्पक्ष, निष्ठावान र जिम्मेवार पूर्वक पक्षको समस्या समाधानको प्रयास गर्ने,

(ट) अदालत वा न्यायिक निकाय प्रतिको जनआस्थामा प्रतिकूल असर पर्ने कुनै पनि कार्य नगर्ने,

(ठ) पक्षहरूको अनुमति विना मेलमिलाप प्रकृयामा जानकारीमा आएका कुराहरूको गोपनियता भंग नगर्ने,

(ड) मेलमिलाप प्रकृयामा हुने छलफल तथा बैठकमा निर्धारित समयमा नै उपस्थित हुने र समयभित्रै कार्यसम्पादन गर्न प्रयत्नशील रहने,

(ढ) अन्य मेलमिलापकर्ता र विवादका पक्षप्रति उचित आदरभाव राख्ने,

(ण) मेलमिलाप प्रकृयामा हुने छलफल तथा बैठकमा धुम्रपान, मद्यपान वा अन्य नशाजन्य पदार्थ सेवन नगर्ने तथा मद्यपान वा अन्य नशाजन्य पदार्थ सेवन गरी उपस्थित नहुने,

(त) मेलमिलापकर्ताले आफूलाई निर्णयकर्ताको रूपमा प्रस्तुत नगर्ने,

(थ) कसैप्रति मानसिक वा शारिरिक शोषण, दुर्व्यवहार वा लैंगिक, जातीय, धार्मिक, भाषिक, सांस्कृतिक लगायतका विषयमा कुनै पनि विभेदजन्य व्यवहार नगर्ने,

(द) आफूले लिएको शपथ प्रति पूर्णरुपले प्रतिबद्ध रहने ।

### मेलमिलाप हुन नसक्ने विवादहरूः

देवानी विवादहरु र व्यक्तिबादी भएर चल्ने फौजदारी विवादहरु मेलमिलापबाट समाधान हुनसक्छन् । तर सरकारबादी फौजदारी विवादहरुमा मेलमिलाप गराउन हुँदैन । उदाहरणको लागिः ज्यान मारेको, ज्यान मार्ने उद्योग, बलत्कार, जवर्जस्ती करणी, जातीय भेदभाव, बोक्सी सम्बन्धि, जुवा तास, बन फडानी, बालविवाह, बहुविबाह, आगो लगाउने, नागरिकता किर्ते, नक्कली नोट, ठगी, किर्ते लगायतका जघन्य अपराधहरुमा मेलमिलाप गर्नु हुदैन । यस्ता अपराधहरु प्रहरीलाई सूचना गरी दण्ड सजाय दिने कार्यमा सहयोग गर्नु पर्दछ । यस्ता विवादहरु न्यायिक समितिमा दर्ता पनि हुदैनन् ।

**मानव अधिकार मञ्च (हुर्फ) नेपाल**
इलाम नगरपालिका- ८, इलाम
फोनः ०२७-५२०८००, ०२७-५२०९१९
इमेलः hurfilam@ntc.net.np, info@hurf.org.np
वेवसाइटः www.hurf.org.np,
Toll Free: 16602752111

प्रकाशन सहयोग

# स्थानीय तह न्यायिक समितिद्वारा गरिने विवाद निरुपण तथा मेलमिलाप सम्बन्धमा

# संक्षिप्त जानकारी

Together for Human Rights

## न्यायिक समितिको व्यवस्था:

नेपालको संविधानको धारा २१७ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा एक न्यायिक समिति रहने व्यवस्था रहेको छ । समितिमा निर्वाचित सदस्यहरु मध्ये थप दुईजना सदस्यहरुलाई गाउँ/नगर सभाले चयन गर्ने व्यवस्था रहेकोछ । न्यायिक समितिमा तीन सदस्य रहने व्यवस्था गरिएको छ ।

न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप जस्ता वैकल्पिक उपायहरु अवलम्बन गर्ने र न्यायिक समितिद्वारा विवाद निरुपण गर्ने व्यवस्था नेपालको संविधानमा गरिएको छ । विवादका पक्षहरुलाई मेलमिलापको माध्यमबाट विवाद निरुपण गर्न प्रोत्साहित गर्ने र स्थानीय सरकार सचालन ऐन २०७४ को दफा ४७ (१) अन्तरगतका विवादहरु मेलमिलापको माध्यमद्वारा निरुपण गर्न प्रोत्साहन गर्ने र मेलमिलाप हुन नसकेमा न्यायिक समितिले निर्णयको माध्यमबाट विवाद निरुपण गर्ने व्यवस्था गरिएको छ । उक्त ऐनको दफा ४७(२)का विवादहरु न्यायिक समितिले मेलमिलापको माध्यमद्वारा मात्र विवाद निरुपण गर्ने र मेलमिलाप हुन नसकेमा अदालतमा पठाउने व्यवस्था गरिएको छ ।

## स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ मा न्यायिक समितिले निरुपण गर्ने विवादहरु:

### दफा ४७(१) अन्तर्गतका विवादहरुः

**ऐनको दफा ४७ (१) अन्तर्गतक निम्न विवादहरु न्यायिक समितिले मेलमिलापका लागि पक्षहरुलाई प्रोत्साहित गरी आफूले सूचीकृत गरेका मेलमिलापकर्ताहरुबाट मेलमिलाप गराउनु पर्ने व्यवस्था गरिएको छ । मिलापत्र हुन नसकेमा न्यायिक समितिले निर्णयको माध्यमद्वारा निरुपण गर्ने व्यवस्था रहेको छ ।**

(क) आलीधुर, बाध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजदुरी नदिएको,
(ङ) घरपालुवा पशुपक्षी हराएको वा पाएको,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
(ट) सधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको,
(ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद ।

### दफा ४७(२) अन्तर्गतका विवादहरुः

**ऐनको दफा ४७(२) अन्तर्गतका निम्न विवादहरु न्यायिक समितिले मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्ने व्यवस्था गरिएको र मेलमिलाप हुन नसके अदालत जान निर्णय सुनाइ दिनु पर्ने व्यवस्था रहेको छ ।**

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आ□नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद् तर पति पत्नीबीचको सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन ।
(घ) अंगभंग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
(ङ) गाली बेइज्जती,
(च) लुटपिट,
(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,
(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,
(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,
(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्‍याएको,
(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

### दफा ४७ (१) र ४७(२) मा उल्लेख भएका बाहेक न्यायिक समितिमा दर्ता भई मेलमिलाप हुन सक्ने विवादहरु :

**सरकारवादी हुने प्रकृतिका विवादहरु बाहेक न्यायिक समितिमा दर्ता भई मेलमिलाप हुन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७(२) (ट) मा गरिएको छ । त्यस्ता विवादहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।**

- अंश,
- अपुताली
- करार
- लेनदेन
- लिखत बदर
- बैनाबट्टा
- दान बकस
- सामान्य प्रकृतिका घरेलु हिंसा
- जग्गा किचोला लगायतका विवादहरु

## हदम्याद सम्बन्धि व्यवस्था:

- न्यायिक समितिमा दर्ता हुन आाएका विवादहरु सम्बन्धमा प्रचलित कानुनमा हदम्याद उल्लेख भएकोमा सोही हदम्याद भित्र विवादहरु दर्ता गर्नु पर्दछ ।
- प्रचलित कानूनमा हदम्याद सम्बन्धी व्यवस्था उल्लेख नगरिएको विवादहरुमा त्यस्तो विवाद भएको मितिले ३५ दिन भित्रमा दर्ता हुन आएको विवादहरु मात्र न्यायिक समितिमा दर्ता गरिनु पर्दछ ।
- प्रचलित कानूनमा हदम्याद नलाग्ने भनि उल्लेख भएको विवादहरुमा जहिले सुकै पनि उजुरी दर्ता गर्न सकिन्छ ।

## न्यायिक समितिमा विवादको उजुरी दर्ता र कारवाही प्रकृया:

**न्यायिक समितिमा विवादको उजुरी दर्ता र कारवाही प्रकृया निम्न बमोजिम गर्नु पर्दछ ।**

- निवेदन वा उजुरी वा प्रतिउत्तर स्थानीय सरकारको कानूनले तोकेको ढाँचामा वा प्रचलित कानूनले तोकेको ढाँचामा लेखिएको हुनु पर्दछ ।
- निवेदन वा उजुरी वा प्रतिउत्तर नेपाली कागजमा लेख्नु पर्दछ ।
- निवेदन वा उजुरी वा प्रतिउत्तर रितपूर्वक छ छैन हेर्नु पर्दछ ।
- निवेदन दर्ता गर्नुपूर्व हदम्याद, हकदैया र क्षेत्राधिकार छ छैन जाँच गर्नुपर्दछ ।
- निवेदन रितपूर्वक भएको देखिएमा दर्ता गर्ने तोक आदेश गर्नु पर्दछ ।
- नियम बमोजिम लाग्ने दस्तुरको रसिद काट्नु पर्दछ ।
- निवेदन दर्ता पुस्तिकामा दर्ता गरि निवेदकको सही दर्ता पुस्तिकामा गराउनु पर्दछ ।
- निवेदकलाई मेलमिलाप सम्बन्धमा जानकारी गराउने ।
- निवेदकलाई लिखित रुपमा सहि गराई तारिखमा राख्नु पर्दछ ।
- निवेदनको नक्कल सहित दोस्रो पक्षलाई म्याद पठाउने ।
- रित पूर्वक दोस्रो पक्षबाट आएको लिखित जवाफ/प्रतिउत्तर दर्ता गर्ने र मेलमिलापबारे जानकारी गराउने
- दोश्रो पक्ष/प्रतिवादीलाई पनि पहिलो पक्षलाई दिएकै तारिखमा आउँन भनि लिखित रुपमा तारेख दिने ।
- दुवै पक्ष तारिख लिन आएपछि मेलमिलापबारे पुनः विस्तृतमा जानकारी गराउने
- दुवै पक्ष मेलमिलापमा जान सहमत भएमा न्यायिक समितिलाई सोधेर आदेश बमोजिम गर्ने ।
- दुई पक्षलाई सूचीकृत मेलमिलापकर्ताहरु मध्येबाट भरसक एक जना मेलमिलापकर्ता रोज्न लगाउने ।
- मेलमिलाप गराउने मिति तय गरि दुवै पक्षलाई तारिख दिने ।
- मेलमिलापकर्तालाई मिलमिलाप हुने मिति उल्लेख गरि पत्र दिने ।
- मेलमिलाप कर्ताले दुवै पक्षलाई मेलमिलाप केन्द्रमा राखी छलफल गराउने ।
- मिलापत्र भएमा मिलापत्रको संयुक्त निवेदन र मिलापत्र तयार गरी न्यायिक समितिमा पेश गरी न्यायिक समितिबाट प्रमाणित गराउने ।
- दुवै पक्षलाई मिलापत्रको प्रमाणित नक्कल दिने ।

## मिलापत्र नभएमा के गर्ने?

- मिलापत्र हुन नसकेको प्रतिवेदन मेलमिलापकर्ताले न्यायिक समितिमा दिने ।
- दुवै पक्षलाई न्यायिक समितिमा जान भनी लिखित रुपमा तारिख तोकी दिने ।
- दुवै पक्ष तारिख लिन तोकिएको दिन न्यायिक समितिको मुद्धा दर्ता फाँटमा जाने ।
- मुद्धा फाँटबाट दुवै पक्षलाई पेशी तारिख दिने ।
- पेशी भएको दिन मिसिल (मुद्धाको/विवादको फायल) न्यायिक समितिमा पेश गर्ने ।
- न्यायिक समितिले पनि पुन मेलमिलाप गर्न दुवै पक्षलाई उत्प्रेरणा गर्ने ।
- मेलमिलापमा जान सहमत भएमा पुनः मेलमिलापमा पठाउने ।